नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ११४

मितिः-२०८१/०६/१४
ने.सं.११४४ ञलाथ्व १३

विषयः- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गरिएको सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।
श्री नगरपालिका (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखाको च.नं. २२ र २३, मिति २०८१/०६/१३ को बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गरिएको सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः- माग बमोजिमको विवरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखामा उपलब्ध गराई दिनुहोला।**

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा, सिंहदरबार, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ३.२/०८१/८२
चलानी नं.:- 23

मितिः २०८१/०६/१३
ने.सं.११४४ ञलाथ्व द्वादशी, आईतवार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिँहदरवार, काठमाण्डौ।

विषयः बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को अनुसूची १ बमोजिमको सर्वेक्षण गरी सो को प्रतिवेदन सहित अनुसूची २ को ढाँचामा तहाँ मन्त्रालय मार्फत स्थानीय तहबाट प्रस्ताव माग गर्ने मिति २०८१।६।११ मा (सचिवस्तर) निर्णय भएकोले प्रस्ताव माग गर्ने बिषययक पत्र यसैसाथ संलग्न राखी सबै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

२०८१।६।१३
(महेशकृष्ण महर्जन)
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ३.२/०८१/८२
चलानी नं.:- 22

मितिः २०८१/०६/१३
ने.सं.११४४ ञलाथ्व द्वादशी, आईतवार

श्री स्थानीय तह (सबै)
मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिँहदरवार, काठमाण्डौ।

**विषयः बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा बालश्रम सम्वन्धि राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले वि.सं. २०८२ सम्म सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ । स्थानीय तहलाई बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने कार्यमा सहजता एवम् एकरुपता ल्याउन नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७।८।२३ को निर्णयानुसार बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ स्वीकृत भई लागु भई सकेको छ । यसै कार्यविधि अनुरुप आ.व. २०७७/७८ मा २६, आ.व.२०७८/७९ मा ३८ र आ.ब. २०८०।८१ मा ८५ गरी हालसम्म १४९ वटा स्थानीय तहमा मन्त्रालयबाट सशर्त अनुदान उपलव्ध गराई बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयनमा रहेको छ ।

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ६ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहले अनुसूची १ बमोजिमको सर्वेक्षण गरेको हुनु पर्ने र दफा ७ बमोजिम बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहसँग मन्त्रालयले अनुसूची २ बमोजिमको प्रस्ताव माग गर्नेछ भन्ने व्यवस्था अनुरुप बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न ईच्छुक (यसअघि यस किसिमको सशर्त अनुदान प्राप्त नगरेका) स्थानीय तहबाट अनुसूची १ बमोजिमको सर्वेक्षण सम्पन्न गरी सोको प्रतिवेदन सहित अनुसुची २ बमोजिमको ढाँचामा २०८१ मंसिर १२ सम्म प्रस्ताव पेश गर्न हुन यस मन्त्रालय (सचिवस्तर)को मिति २०८१।६।११ को निर्णयानुसार अनुरोध छ ।

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ यस मन्त्रालयको वेवसाईट www.moless.gov.np मा रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

२०८१।६।१३
(महेशकृष्ण महर्जन)
शाखा अधिकृत